महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

बंगलाचुली गाउँपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

बंगलाचुली गाउँपालिका

दाङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.५१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बँगलाचुली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दाङ।

कैफियत सहितको राय

हामीले बँगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड २८ लाख १२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध पश्चात रु.२ लाख ९७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९ लाख ४५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २५ लाख ८६ हजार र नियमित गर्नुपर्ने रु.३ कोरोड ८९ लाख ८४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१४ करोड ७३ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एंव यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१९ करोड ४८ लाख ७९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बँगलाचुली गाउँपालिका

दाङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्योट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६८	८०	५२८१२	०	१७	२९७	६८	६३	५२५१५	९४५	३८९८४	१२५८६	०	०	५१५७०	०

१.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
२४	विकेश न्यौपानेको भ्रमण खर्च प्राप्त गर्ने आधार पेश भएको ।	१०५००
२६.२	१३ विद्यालयलाई बढी निकासा भएको दिवा खाजा रकम असूल भई बैंक दाखिला भएको ।	२६७८०५
२६.४	१३ विद्यालयलाई बढी निकासा भएको छात्रवृत्ती रकम असूल भई बैंक दाखिला भएको ।	१८२००
	जम्मा	२९६५०५

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

स्थानीय तहको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्योट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बँगलाचुली गाउँपालिका	१४७३४१	०	४९७७	१४२३६४	०	५२५१५	१९४८७९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : बँगलाचुली गाउँपालिका, दाङ , बंगलाचुली गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चन्द्रकान्त पौड्याल	२०७९-५-२३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Rewot Bahadur Budhathoki	२०७८-७-३	२०७८-११-२८
लेखा प्रमुख	नारायण प्रसाद आचार्य	२०७६-१२-१४	हाल सम्म कार्यरत
		बेरुजु रकम	५२,५१५,७०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,५९,४८,२०१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३४,९४,२७,०००	**चालु खर्च**	३९,९७,६८,४१६
प्रदेश सरकारबाट अनुदान	४,५५,९१,९७४	**पूँजीगत खर्च**	१८,७९,२९,७०४
राजश्व बाँडफाँट	११,१६,२६,५८१	**वित्तीय/अन्य व्यवस्था**	७,७६,७७,१४४
आन्तरिक आय	१,५३,१३,१३४		
अन्य आय	१४,७६,९५,३३२		
कुल आय	६६,९६,५४,०२१	**कुल खर्च**	६६,५३,७५,२६४
बाँकी मौज्दात		५,०२,२६,९५८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय संचित कोष**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

आयतर्फ				व्ययतर्फ				कै.
क्र.सं.	योजनाकार्यक्रमको नाम	रकम रु.	जम्मा रकम रु.	क्र.सं.	योजनाकार्यक्रमको नाम	रकम रु.	जम्मा रकमरु.	
१	गत वर्षको मौज्दात अ.ल्या.		४५९४८२०१.४२	चालु खर्च तर्फ			३९९७६८४१५.९०	
२	सन्चित कोषतर्फ	२९००७१७३.४६						
३	धरौटी तर्फ	१४९२२११८						
४	विभिन्नकोष तर्फ	२०१८९०९.९६						
आन्तरिक आय जम्मा			१६८६८२११.७१	१	प्रशासनिक चालु खर्च	११९६९९६००.२०		
५	आन्तरिक श्रोत	९८७२००६.७१		२	संघिय शशर्त अनुदान चालु	२०५९८२७६७.९०		
६	खानि तथाखनिज पदार्थ	५४४११२८		३	सामाजिक सुरक्षा भत्ता	७४०८६०४७.८०		
७	राजश्वबाँडफाँड(मालपोत कार्यालयबाट)	१५५५०७७		४	बिभाज्य कोष तर्फ	-		
संघिय सरकार अनुदानतर्फ			४५९४९८५०४.७५	पुँजिगततर्फ जम्मा			१८७९२९७०४	
८	वित्तियसमानिकरण	१००४०००००		५	गा.पा. पुँजिगत योजना तर्फ	११०३३९५४७		
९	राजश्वबाँडफाँड	११००७१५०४.७५		६	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	५४७९१०००		
१०	शशर्तअनुदान	२२६२२७०००		७	समपुरक अनुदान	६२०००००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

११	समपुरकअनुदान	६२०००००		८	विशेष अनुदान	१६५९९१५७		
१२	विशेषअनुदान	१६६०००००		९	प्रशासकिय भवन	-		
	अन्य श्रोत तर्फ		१२८८७७०४७.८०	१०	स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम	-		
१३	सामाजिकसुरक्षा भत्ता	७४०८६०४७.८०			प्रदेशतर्फ जम्मा		२९६३८८७४	
१४	प्रशासकियभवन निर्माण	-		११	विशेष अनुदान	१०१३८४००		
१५	एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	५४७९१०००		१२	समपुरक अनुदान	११३१२४८०		
१६	सडक बोर्डनेपाल	-		१३	शशर्त अनुदान चालु	८१८७९९४		
				१४		-		
		-			को.ले.नि.का.फिर्ता		२५१५०२०१.१०	
		-		१५	संघिय सरकार शशर्त अनुदान	२०२४४२३२.१०		
	प्रदेश सरकार अनुदानतर्फ		४५५९१९७३.७७	१६	संघिय सरकार विशेष अनुदान	८४३		
१७	समानीकरणअनुदान	४६९१०००		१७	प्रदेश सरकार शशर्त अनुदान	३५६००६		
१८	शशर्तअनुदान	८५४४०००		१८	प्रदेश सरकार विशेष अनुदान	८६१६००		
१९	विशेषअनुदान	११००००००		१९	प्रदेश सरकार समपुरक अनुदान	३६८७५२०		
२०	समपुरकअनुदान	१५००००००		२०	धरौटी तर्फ	९५३६६१६	९५३६६१६	
२१	राजश्वबाँडफाँड	६३५६९७३.७७		२१	विशेष कोष तर्फ	१३३५१४५५	१३३५१४५५	
					वचतमौज्दात		५०२२६९५८.५५	
२२	धरौटी तर्फयो वर्ष प्राप्ति	५५४३२८५	५५४३२८५					
	विशेष कोषहरु तर्फ		१३२६९१०२.१०	२२	धरौटी	१०९२८७९०		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३</td><td></td><td></td><td></td><td>२३</td><td>विशेष कोष</td><td>१९३६५५७.०६</td><td></td><td></td></tr>
<tr><td>२४</td><td>यस बर्षकोप्राप्ती</td><td>१३२६९१०२.१०</td><td></td><td>२४</td><td>संचित कोष मुल खाता तर्फ</td><td>३७३६१६११.४९</td><td></td><td></td></tr>
<tr><td>२५</td><td>विभाज्यकोष तर्फ</td><td>-</td><td></td><td>२५</td><td>विभाज्य कोष तर्फ</td><td>-</td><td></td><td></td></tr>
<tr><td>२६</td><td>अन्यश्रोत</td><td>५८९५</td><td>५८९५</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>७१५६०२२२१.५५</td><td>७१५६०२२२१.५५</td><td colspan="2">कुल जम्मा</td><td>७१५६०२२२१.५५</td><td>७१५६०२२२१.५५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बँगलाचुली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बँगलाचुली गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य रहेका छन ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>छलफल

कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग मिति २०७९।१०।२७ मा छलफल गरी छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली

लेखापरीक्षणको क्रममा दोहोरो वैठक भत्ता, भ्रमण खर्च गरि जम्मा रु ७५४५० असुल भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात विचको फरकको विवरण पेश गरेन । विवरण पेश नभएकोले बैंक मौज्दात र श्रेस्ताविचको विश्लेषण गरिएको छैन । गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न बाँकी रहेको विवरण तयार गर्नुपर्दछ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५.२			**सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।	
५.३			**एकिकृत आय-व्यय विवरण :-** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन ।जस्तै गाउँपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन । संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ध्यान जानुपर्दछ ।	
६			**आन्तरिक नियन्त्रण**	
६.१			आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । ख) आर्थिक विवरण – आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७९ माघ) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ । ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यसबर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन । घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो । ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन । छ) कर भुक्तानीको इ-टिडिएस नगरेको, ज) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन । ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । ढ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन । त) कार्यविवरण – कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन । थ) अभिलेख – कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको । ध) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन । न) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पालना गरी खरिद कार्य गरेको देखिएन । प) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन । फ) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन । ब) जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको। भ) गाउँपालिकाले यो बर्ष कर्मचारी पारिश्रमिकमा रु.२३९७४९९ खर्च गरेकोमा नियमानुसार तलवि प्रतिवेदन पारित गरेको छैन । म) एउटै गोश्वारा भौचरबाट विभिन्न प्रकृतिका खर्चहरुको भुक्तानी गर्दा विल भरपाई सिलसिलेवार रुपमा राखी तेरिज बनाई भुक्तानी गर्नुपर्नेमा नगरेकोले यसमा सुधार हुनुपर्दछ । कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि अवश्यक पर्ने आन्तरीक नियन्त्रण कर्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ । यस सम्वन्धमा क्रमश सुधार गर्दै जाने कार्यालयको भनाई रहेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.२			**बेरुजु अभिलेखः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
६.३			**खर्चमा मितव्यिता कायम गर्नुपर्ने** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । **खर्च तर्फ** — **बार्षिक खर्च रकम रु.** मर्मत खर्च — ३९००५०७ ईन्धन खर्च — २०९०७५५ अनुगमन खर्च — ८४७९५० बैठक भता — १६८०५२८ • मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । • निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो । • विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • **इन्धन खर्चः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन कार्यालय इन्धनमा रु. २०९०७५५ लाख खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन यसबाट इन्धन खर्च मितव्ययि छ भनी आश्वस्त हुन सकिएन। • **सवारी मर्मत खर्चः** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.३९००५०७ लाख खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययी गर्नुपर्दछ । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।	
६.४			**भ्रमण खर्च** : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चमा रु.२१९६२६० भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७			**जिन्सी व्यवस्थापन**	
७.१			**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
७.२			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
७.३			**जिन्सी दाखिलाः** वालमैत्री स्थानीय शासन अवलम्बन कार्यक्रमका लागि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि आवश्यक पर्ने कम्प्युटर तथा प्रिन्टर खरिदमा रु ६००००० भुक्तानी भएको छ । पालिकाले खरिद भएको ६ थान कम्प्युटर र ६ थान प्रिन्टर विद्यालयलाइ हस्तान्तरण गरेकोमा विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश नगरेकोले जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।	
८			**बजेट तथा कार्यक्रम**	
८.१			**बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री भक्त वहादुर जि सीले मिति २०७८।३।१० गते रु. ६२ करोड ६१ लाख ६६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३१ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
८.२			**बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.३			**बजेट तथा कार्यक्रम तर्जुमा** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.४			**रकमान्तर :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. १५८००००० रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।	
८.५			**त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूजीगत शीर्षकमा बार्षिक रु.२० करोड ७६ लाख ८६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ७६ लाख ७९ हजार अर्थात ८.५१ प्रतिशत, दोश्रो चौमासिकमा रु ७ करोड ५६ लाख २ हजार अर्थात ३६.४० प्रतिशत र तेश्रो चौमासिकमा रु.१० करोड ७५ लाख ४ हजार, अर्थात ५१.७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ७ करोड ८७ लाख २८ हजार अर्थात ३७.९० प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
८.६			**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १६८६८२११.७१ गत वर्षको मौज्दात रू. ४५९४८२०१.४२ राजस्व बाँडफाँड र अनुदानबाट रु.६५२७८५८०८ समेत रू. ७१५६०२२२१.५५ आम्दानी भएकोमा चालु तर्फ रु. ३९९७६८४१५.९० र पूँजिगत तर्फ रु १८७९२९७०४ समेत रु. ६६५३७५२६३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.५३ प्रतिशत रहेको छ ।यसबर्ष पदाधिकारी सुबिधामा रू. ८० लाख ११ हजार खर्च भएको छ जुन आन्तरिक आयको ४७.४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.५१ प्रतिशत चालु र २५.४९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाहरूले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
८.७			**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२१०३४०००	१५५८०३३०	३.१९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

२	पूर्वाधार विकास	८९६८०१७३.४६	७९४२३९३६	१६.२६
३	सामाजिक विकास	३६३४२८०००	३१४१३७८४८.५०	६४.३१
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१८५५४०००	१५६२०३१५	३.२०
६	कार्यालय संचालन तथा प्रशासनिक	६९५०००००	६३६९७५१६.६०	१३.०४
जम्मा		५६२१९६१७३.४६	४८८४५९९४६.१०	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६४.३१ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास क्षेत्रमा ३.१९ प्रतिशतबजेट विनियोजन गरेको छ ।</td><td></td></tr>
<tr><td>८.८</td><td></td><td></td><td>**लक्ष्य प्रगति** :कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिती**			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३२०	०	०	२०	३००
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>**सेवा प्रवाह तथा योजना छनोट**</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>**सेवाप्रवाहको स्थिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३३ वटा ऐन, ५ वटा नियमावली, २७ बटा कार्यबिधि र २ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्मदर्ता १२७० मृत्युदर्ता २६६ बसाईसराई दर्ता १५९ विवाह दर्ता ४४६ र सम्बन्धविच्छेद दर्ता ३० गरेको विवरण प्राप्त भएको छ ।ग्राभेल सडक १३२ ट्रयाक खोल्ने कार्य ३८ को गरेको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन,</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।	
९.२			**योजना छनोट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । <table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>८७</td><td>४३</td><td>५४</td><td>२१</td><td>४९</td><td>२५४</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु एक लाख देखि १० लाख सम्मका जम्मा २०५ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ७० प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
१०			**अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रु. २०७४५०७५ मिति २०७९।३।३० र प्रदेश सरकारकोखर्च नभई वाँकी भएको रु ४९०५१२६ मिति २०७९।३।३० मा फिर्ता गरेको छ ।खर्च नभएको अनुदान समयमै फिर्ता गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
११			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
११.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 74 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 57 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौं सहित 17 पदहरु रिक्त	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
११.२			**कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९६ जना कर्मचारीहरू करारमा राखि रु २६२३३६०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक विभिन्न ६ पदमा ५० नियुक्ति गरि वर्षभरीमा रु १३८०३३८० भुक्तानी गरेको अनियमित देखिएको रु	१३,८०३,३८०
११.३			**कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	
१२			**कानुन निर्माण एवं कार्यान्वयन**	
१२.१			**क)कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म बनेका अनुसार ३३ वटा ऐन, ५ वटा नियमावली, २७ बटा कार्यबिधि र २ निर्देशिका स्वीकृत गरी गरेको छ ।निर्माण भएका सबै कानुन स्थानीय राजपत्रमा प्रकाशन गरेको छैन । **ख)निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गाउँपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाखा र कुखुरा लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ	
१२.२			**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९ र यो बर्ष थप भएको १९ गरी कुल २8 दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई 1२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१३			**आर्थिक सहायता तथा विविध खर्च**	
१३.१			आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु १४ लाख ८६ हजार आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरि खर्च लेख्नु पर्दछ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
१३.२			**खाना तथा विविध खर्च**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१७२०८८०।- खर्च गरेको छ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।	
१४			**पेश्की बाँकी** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले निर्माण व्यवसायीलाइ दिएको मोविलाइजेशन पेश्की रकम रु. ५२१६०८४- नियम ५२(३) अनुसार म्याद नाघेको छैन । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्चौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	

गो.भौ.नं. मिति	निर्माण व्यवसायीको नाम	प्रयोजन	पेश्की रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८।०४।०१</td><td>पुष्पान्जली वालारुपी पिएस जेभी</td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण</td><td>२९९१०८४</td></tr>
<tr><td>२०७९।०१।२६</td><td>न्यू अम्बे निर्माण सेवा</td><td>सघ सस्थावाट हुने योजनामा लागत साझेदारी</td><td>५७५०००</td></tr>
<tr><td>२०७९।०३।१७</td><td>न्यू अम्बे निर्माण सेवा</td><td>प्रा वि गोठीवन भवन निर्माण वडा न १</td><td>८५००००</td></tr>
<tr><td>२०७९।०३।२३</td><td>जि पि ओ कन्सट्रक्सन प्रा लि</td><td>सरस्वती मा वि जवरकोट छात्रवास निर्माण</td><td>८०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५२१६०८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २३२०००००- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. १६८६८२११- अर्थात अनुमान भन्दा २७.७२ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>आय तुलना :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट रु. ४५९४९८५०४.७५ खर्च गरी आन्तरीक आय बापत रु. १६८६८२११- संकलन गरेको छ । गाउँपालिकालाई प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>४५९४९८५०४.७५</td><td>१६८६८२११</td><td>३.६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखेपनि अघिल्लो बर्षको बाँकी रसिद आर्थिक वर्ष पछि मात्र अ.ल्या गरेको छ । कार्यालयले वडाहरुमा पठाएको रसिदको दोस्रो प्रति फिर्ता प्राप्त गरी दैनिक रुपमा काटिएका नगदी रसिदहरुको अभिलेख तयार गरेको छैन । त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ । कार्यालयले नगदी रसिदको दैनिक आवर्जे, म.ले.प.फा.नं.</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१०६ पनि तयार गरेको छैन । दैनिक राजश्व असुली रकम म.ले.प.फा.नं. १०६ मा पोष्टिङ गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा यकिन गर्न सकिएन ।	
१५.४			**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय निकायले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५ लाख आय अनुमान गरेकोमा रु.२४ लाख असुली गरेको विवरण पेश भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट कार्यालयले संकलन गरेको व्यवसाय कर यथार्थ परक छ भन्न सकिएन । गाउँपालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
१६			**कर दाखिला** – आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कट्टा गरेको सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, अग्रिम आयकर समयमा राजश्व दाखिला नगरी अर्धबार्षिक रुपमा राजश्व दाखिला गर्ने गरेको छ । कार्यालयले करकट्टी फरक फरक राजश्व शिर्षकमा गरि दाखिला गर्नुपर्नेमा एकमुष्ट सामाजिक सुरक्षा करमा कट्टी गरि दाखिला गरेको पाइयो ।नियमानुसार राजश्व शिर्षकमा करकट्टी हुनुपर्ने तथा समयमा बैंक दाखिला हुनुपर्दछ ।	
१७			**खरिद कारवाही अभिलेख** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७६ लाई संशोधन गर्न बनेको विद्येयकको दफा ४ अनुसार मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८ को खानेपानी तथा सरसफाई सुविधा बापत वडाध्यक्षको कोलममा भएको रु.२०००। र क्रम संख्या ९ को मर्मत सम्भार र विद्युत बापतको रु.२०००। झिकेको छ। कार्यालयले आर्थिक बर्षको ६ महिना वडाका वडाध्यक्षहरुलाई खानेपानी तथा सरसफाई सुविधा र मर्मत सम्भार र विद्युत वापतको रु २००० समेत मासिक रु ४००० का दरले ८ जनाको ६ महिनाको रु १९२००० भुक्तानी दिएकोले ऐन अनुसार नपाउने सुविधा असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>खानेपानी र मर्मत रकम</th><th>६ महिनाको जम्मा</th></tr>
<tr><td>१</td><td>एनुराज खत्री</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>२</td><td>गिरराज बाँठा</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>नारायण डाँगी</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>४</td><td>शोभाराज विश्वकर्मा</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>५</td><td>गिर वहादुर थापा</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>६</td><td>मेघ बहादुर राना मगर</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>७</td><td>वेदुलाल घर्ती क्षेत्री</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td>८</td><td>पदम बहादुर क्षेत्री</td><td>४०००</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९२०००</td></tr>
</table></td><td>१९२,०००</td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु ३१ लाख ६८ हजार, टेलिफोन तथा मोवाइल रु.१५ लाख १८ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१५ लाख ३६ हजार, जनसम्पर्क विशेष कार्यसुविधा रु २७ लाख १२ हजार, अतिथि सत्कारमा रु. ५ लाख १६ हजार, खानेपानी तथा मर्मतमा रु. ४ लाख ३२ हजार र बैठक भत्तामा रु ११ लाख ७० हजार समेत रु. १ करोड १० लाख ५२ हजार खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. १ करोड १० लाख ५२ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१९			**कानूनी सल्लाहकार** **सल्लाहकार** – लुम्बनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले न्यायिक समितमा कानुनी सल्लाह दिने प्रयोजनको लागि कानुनी सल्लाहकारको रुपमा अच्यूत न्यौपानेलाई मासिक रु.१०००० को दरले ४ महिनाको रु.40000.0 भुक्तानी दिएको छ । ऐनमा व्यवस्था भए विपरित पदपुर्ति गरी खर्च लेखी वढि व्ययभार परेको रु.	४०,०००
२०			**चाडपर्व खर्च** कार्यालयले चाइपर्व खर्च दिँदा एक महिना वरावरको तलब भुक्तानी गर्नुपर्दछ । कार्यालय र डा वसन्त शाह विच भएको सम्झौतामा मासिक तलब रु ४२३८० छ । असोज महिनामा चाडपर्व वापत रु ४२३८० सुविधा दिनुपर्नेमा रु ८०००० खर्च लेखेकोले बढी रु	३७,६२०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३७६२० निजवाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कार्य सम्पादन मुल्यांकनमा वैठक भत्ता

३१।०७८।६।२४ कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन गरे वापत कर्मचारीहरुलाई कार्य सम्पादनमूल्यांकन गर्दा बैठक भत्ता दिने व्यवस्था देखिदैन । कार्यालयले विभिन्न कर्मचारीहरुको कार्य सम्पान मूल्यांकन गर्दा बैठक बसेको जनाई देहाय अनुसार रु ५५५०० भत्ता भुक्तानी गरेको देखियो । अत नियममा नभएको व्यवस्था अवस्थामा देहायका कर्मचारीहरुलाई का.स.मू. बैठक भत्ता भुक्तानी गरेको देखिएकोले रु १२७५० असुल गर्नुपर्ने रु
<table>
<tr><th>क स</th><th>नाम थर</th><th>वैठक संख्या</th><th>भत्ता दर</th><th>वुझेको रकम</th></tr>
<tr><td>१</td><td>सावित्रा थापा</td><td>२</td><td>१५००</td><td>२५५०</td></tr>
<tr><td>२</td><td>अमर राज शर्मा</td><td>२</td><td>१५००</td><td>२५५०</td></tr>
<tr><td>३</td><td>नेव वहादुर वली</td><td>२</td><td>१५००</td><td>२५५०</td></tr>
<tr><td>४</td><td>सावित्रा श्रेष्ठ</td><td>२</td><td>१५००</td><td>२५५०</td></tr>
<tr><td>५</td><td>पार्वती राना</td><td>२</td><td>१५००</td><td>२५५०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१२७५०</td></tr>
</table></td><td>१२,७५०</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>दोहोरो भत्ताः कार्यालयले बैठक भत्ता बापत खर्च लेख्दा दोहोरो नपर्ने गरी खर्च लेख्नुपर्दछ ।नमुना परीक्षण गर्दा कार्यालयले एक दिनमा ५ वटा सम्म बैठक वसेको भनी भत्ता वितरण गरेको पाइयो । कार्यालय समयमा समेत बैठक वसेको भनी भत्ता वुझेको देखिएकोले कार्यालयले नियम भन्दा बढि बैठकको भुक्तानी रकम सम्बन्धितबाट एकिन गरि असुल हुनुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>बैठक संख्या</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>रेवत वहादुर बुढाथोकी</td><td>७</td><td>८९२५</td></tr>
<tr><td>विकेश न्यौपाने</td><td>२</td><td>२५५०</td></tr>
</table></td><td>३४,४२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सतन पाण्डे</td><td>५</td><td>६३७५</td></tr>
<tr><td>महेन्द्र शर्मा</td><td>३</td><td>३८२५</td></tr>
<tr><td>गणेश के सी</td><td>४</td><td>५१००</td></tr>
<tr><td>घनश्याम अधिकारी</td><td>३</td><td>३८२५</td></tr>
<tr><td>अस्मीता तिमिल्सीना</td><td>३</td><td>३८२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४४२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
बैठक भत्ता

लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ । कार्यालयले बिभिम्न भौचरबाट निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई भत्ता भुक्तानी गरेकोमा खास बिषय वेगर अर्को बैठकले निर्णय गर्ने गरी निर्णय गरेको तथा नियमित पदले गर्नुपर्ने कामको लागि समेत बैठक बसी बैठक भत्ता खर्च लेखेकोले कर कट्टि गरी भुक्तानी दिएको रु. ५२२७५।- असुल हुनुपर्ने रु

<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>कर्मचारी तथा पदाधिकारीको नाम</th><th>दिन</th><th>दर</th><th>जम्मा</th><th>१५% कर बाहेक</th></tr>
<tr><td></td><td>रेवत वहादुर बुढाथोकी</td><td>६</td><td>१५००</td><td>९०००</td><td>७६५०</td></tr>
<tr><td></td><td>विष्णु प्रसाद पाण्डेय</td><td>४</td><td>१५००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td></td><td>नेत्र बहादुर वली</td><td>२</td><td>१५००</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td></td><td>विकेश न्यौपाने</td><td>६</td><td>१५००</td><td>१२०००</td><td>७६५०</td></tr>
</table>
</td><td>४९,७२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="6">२६९-२०७९।०३।२५</td><td>दक्षिणा वस्नेत</td><td>२</td><td>१५००</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>भरत कुमार डाँगी</td><td>२</td><td>१५००</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>शक्ति सिह जि.सी</td><td>४</td><td>१५००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td>ऋषिकेश क्षेत्री</td><td>३</td><td>१५००</td><td>४५००</td><td>३८२५</td></tr>
<tr><td>सतन पाण्डे</td><td>५</td><td>१५००</td><td>७५००</td><td>६३७५</td></tr>
<tr><td>प्रेम बहादुर डाँगी</td><td>५</td><td>१५००</td><td>७५००</td><td>६३७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४९७२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
भ्रमण खर्चः

भ्रमण खर्च नियमावली, २०७७ को नियम ७(१) अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले मात्र अनुसुची-२ अनुसारको दरमा दैनिक भत्ता पाउने उल्लेख छ । नमुना छनौट गरी कार्यालयको भ्रमण विल र हाजिरी पुस्तिका भिडान गर्दा निम्न कर्मचारीहरुले कार्यालयमा हाजिर रहेको अवस्थामा समेत दैनिक भ्रमण भत्ता भुक्तानी दिएकोले नियमानुसार नपाउने दैनिक भ्रमण भत्ता असुल हुनुपर्नाको साथै यस सम्बन्धमा कार्यालयले थप एकिन गर्नुपर्ने देखिएको रु.

<table>
<tr><th>कर्मचारीको नाम</th><th>भ्रमण अवधि</th><th>रकम</th></tr>
<tr><td>भक्त वहादुर जि सी</td><td>२०७८।४।११-४।१५</td><td>४८००</td></tr>
<tr><td>दान सिंह रोकाय</td><td>२०७८।८।२५-५।२८</td><td>६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०८००</td></tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।१९ को निर्णयबाट रु.१०५००।- सम्परीक्षण गरिएको ।)
</td><td>१०,८००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**भ्रमणको समयमा बैठक भत्ता** भ्रमण खर्च नियमावली २०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर बैठक भत्ता वा कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ ।कार्यालयले ओम प्रकाश के सी लाइ २०७८१०।१८ र २०७८।१२।५ मा भ्रमणको समयमा बैठक भत्ता वुझेकोले २ दिनको रु २५५० असुल गर्नुपर्ने रु	२,५५०
२६			**शिक्षा तर्फ**	
२६.१			**पाठ्यपुस्तक निकासाः-** कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तक निकासा गर्दा विद्यार्थी संख्या तथा खरिद पाठ्यपुस्तकको आधारमा दिएको हुनु पर्दछ । पालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको पाठ्यपुस्तक निकासाको प्रमाण परीक्षण गरेकोमा पालिका द्धारा पाठ्यपस्तक वापत निम्नानुसारका विद्यालयहरुलाई अनुदान भुक्तानी गर्दा EMIS अनुसारको विद्यार्थि संख्या लाई आधार मान्नुपर्नेमा सो नगरी विद्यालयहरुले पेश गरेको विद्यार्थि संख्याको आधारमा रकम निकासा गरेको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीत विद्यलयबाट असुल गर्नुपर्ने रु सि.नं. | विद्यालयको नाम | **EMIS** अनुसार | भुक्तानी भएको संख्या | बढी भुक्तानी रकम १ | वालज्योती आ.वि लाहापे | २३७ | २७७ | १०३६८	१०,३६८
२६.२			**दिवा खाजा रकमः** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि ४१ विद्यालयलाइ रु १३२६६१९० निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छः **बढि निकासाः** पालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले दिवा खाजाका लागि निकासा दिएको रकम भन्दा विद्यालयले गरेको दिवा खाजा खर्च रकम कम रहेको पाइयो । कार्यालयले निकासा दिएको रकम र विद्यालयले पेश गरेको खाजा खर्च रकम वितरण भरपाई तथा खाजा खर्च रकमका विल एकिन गरी तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै एकिन गरी असुल गर्नुपर्ने रु .
<table>
<tr><th>क्रस</th><th>विद्यालयकोनाम</th><th>अन्तिमबचत रकम</th></tr>
<tr><td>१.</td><td>बालज्योतीआ वि लाहापे</td><td>८७२६६</td></tr>
<tr><td>२.</td><td>सुधा प्रा वि रिभान</td><td>१२३४५</td></tr>
<tr><td>३.</td><td>ज्ञानज्योती प्रा वि विर्खे</td><td>५०३५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०४६४६</td></tr>
</table>
कार्यालयको भनाइः अन्तिम बचत रकम प्रथम त्रैमासिकमा घटाएर पठाएको गरेको भनाइ छ ।
(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।१८ को निर्णयबाट रु.२६७८०५।- सम्परीक्षण गरिएको ।)</td><td>१०४,६४६</td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>फिर्ताः अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार निःशुल्क पाठ्यपुस्तक वापत विद्यालयबाट फिर्ता भएको रकम रु ४३४६०७ संघीय सरकारको संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु.</td><td>४३४,६०७</td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>छात्रवृत्तिः

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२ ।१८ को निर्णयबाट रु.१८२००।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>शिक्षक दरवन्दी - शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं.१२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । कार्यालयले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.६			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २ करोड ९२ लाख तलब भत्ता भुक्तानी गरेको पाईयो ।पालिकाले करारमा शिक्षक भर्ना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।	
२७			**गै.स.स. मार्फत कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैह्र सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ।कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्रसरकारी संस्थासंग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत रु १८८९०६९ गराएको छ ।	

गो. भौ. नं. र मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
६५-०७९/०१/१०	लघु उद्यम अन्तर्गत लघु उद्यमि सिर्जना	समृद्ध नेपाल	३९४१००
७४-०७९/०१/२५	लघु उद्यम अन्तर्गत सिलाई कटाई, बाख्रापालन तालिम	महिला सरोकार मञ्च नेपाल	८२२७१०
९२-०७९/०३/०६	घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर	मल्टि नेपाल इन्जिनियरिङ्ग प्रा लि	६७२२५९
		जम्मा	१८८९०६९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**मुल्य अभिवृद्धि कर नभएका सँग खरिद** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।देहाय अनुसारको विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाईजिम्मेवार बनानु पर्दछ ।	

गो.भौ.नं.र मिति	कार्यक्रम	आपुर्तिकर्ताको नाम	विल संख्या	भुक्तानी रकम
१४०-०७९/०३/२४	मेशिनरी औजार तथा फर्निचर	ग्लोबल कम्प्युटर	५	९४२००
१४६-०७८/०३/२१	सुधा मा.वि ल्याब ब्यवस्थापन	रासी एजुकेशनल सेन्टर	११	१९२१५९
१५८-०७९/०३/२४	मेशिनरी औजार तथा फर्निचर	पाण्डेय ईलेक्ट्रिकल	६	६३७७६
१६०-०७९/०३/२४	म.स्वा.से का लागि रिफ्रेसर तालिम	मञ्जु होटल एण्ड होटल	३	५६६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**औषधी खरिद**	
२९.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । कार्यालयले सोझै खरिद मार्फत रु.३३१३८६६- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ;	
२९.२			**सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा समिति हुने गरी टुक्रा पारि खरिद गर्न नमिल्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को १(क) मा सार्वजनिक निकायले २५ लाख रुपैया सम्मको औषधीजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्र लाख रुपैया सम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा सोझै खरिद गर्न सक्ने र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।यो वर्ष देहाय बमोजिम रु ३३१३८६६ वरावरको औषधि सोझै खरिद गरेको छ । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गर्नुपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक औषधि खरिद गर्दा गुणस्तरीय र प्रतिस्पर्धी मूल्यमा औषधि प्राप्त	८१३,८६६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भयो भन्न सक्ने अवस्था नरहने हुदाँ सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गौ.भो.न. मिति</th><th>आपूर्तिकर्ता</th><th>रकम</th></tr>
<tr><td>१२।०७८।६।१३</td><td>३ वटा सप्लायर्सबाट खरिद</td><td>७०६१२६</td></tr>
<tr><td>१८१।०७९।१।२६</td><td>मास मेडिसेल्स</td><td>४९९४५०</td></tr>
<tr><td>२०९।०७९।३।६</td><td>मास मेडिसेल्स र जयमाता मेडिसिन</td><td>८०८२९०</td></tr>
<tr><td>संघीय तर्फ</td><td></td><td></td></tr>
<tr><td>४।०७८।६।१३</td><td>युनाइडेड मेडिको र विन्दवासिनी मेडिको</td><td>५४०८५४</td></tr>
<tr><td>३५।०७८।१०।२५</td><td>पाथीभरा मेडिसिन</td><td>४९९४१४</td></tr>
<tr><td>९२।०७९।३।६</td><td>जयमाता मेडिसिन</td><td>२५९७३२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३१३८६६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>
खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको,
तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ ।

औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
३१			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

सि.नं.	समूह । व्यक्ति	कार्यक्रमको नाम	भुक्तानी
१	पशुपालक कृषकलाई घास वितरण	वहुवर्षे डाले घास वितरण	१०००००
२	माछापालक कृषक फर्म	५० प्रतिशा अनुदानमा भुरा वितरण	५००००
३	८ वटै वडाका कृषकहरु	वाली संरक्षण सेवा कार्यक्रम	५०००००
४	८ वटै वडाका कृषकहरु	पोषण तथा खाद्य सुरक्षाका लागि उन्ननत जातकोतरकारीको विउ कम्पोजिट वितरण	५०००००
५	वडा न ५ का कृषक	फलफुलपकेट क्षेत्रमा फलफुलको विरुवा वितरण	२५००००
६	वडा न २ र ५ र ७ का कृषक	च्याउ खेती गर्ने तालिम लिएका कृषकहरुका लागि च्याउको विउ र सामाग्री वितरण	२५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>७</td><td>श्रमजिवी महिला कृषक समुह</td><td>तरकारी पकपेट निरन्तरता</td><td>६१००००</td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>धान बालिमा राहत तथा क्षतिपुर्ती

बेमौसमी बर्षाको कारण धान बालिमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ को बुँदा नं. ३(५) अनुसार सरकारी वा सार्वजनिक जग्मा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसेको अवस्थामा राहत रकम उपलब्ध नगराइने उल्लेख छ ।वालीको क्षतिपुर्ति वापत राहत वितरणका लागी जिल्ला प्रशासन कार्यालयलबाट रकम निकासा भएकोमा राहत रकम निर्धारण समितिको २०७८।१२।२८ को निर्णयानुसार पालिकाबाट यस वर्ष ८ वडामा १४५ जनालाई रकम रु ७०५३२६ राहत वितरण गरेको छ ।मापदण्ड अनुसार राहत प्राप्त गर्ने व्यक्ति वास्तविक हो होईन पालिकाले एकिन गरेको देखिएन् । पालिकाले एकिन गरेर मात्र राहत वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका ४४ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १५४ जनालाई रोजगारी उपलव्ध गराई रु. ८०७९४७७।१२ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित नगरपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>भुक्तानीमा करकट्टी

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.७५०० अग्रिम कर कट्टी गरेको छैन् । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>२०।२०७९-०३-१७</td><td>प्रदेश सरकार हस्तान्तरित पूँजीगत</td><td>५०००००</td><td>१.५%</td><td>७५००</td></tr>
</table></td><td>७,५००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची – ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु. ७४००१७६५।-खर्च गरेको छ । कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन ।जसबाट मृत्यु भएका, बसाईसराई गरी गएका तथा ५ बर्ष उमेर पुरा भएका दलित बालबालिकाको लगत कट्टा भएको छ छैन एकिन भएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.२			सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा भएको व्यवस्था वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण वडा न १ र ६ वाहेक बैकिङ प्रणालीमा गइसकेको भएतापनी पालिकाको उक्त वडाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन । साथै लाभग्राहीको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकोमा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
३५.३			**भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
३५.४			**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्क्रिय रहेका लाभग्राहीहरुको वैक खाता समेतको निर्देशिका अनुसार प्रभावकारी अनुगमन गरिनु पर्दछ ।	
३६			**राजश्व व्यवस्थापन**	
३६.१			**राजश्व अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष वडा नं. ७ र वडा नं. २ मा नगदी रसिद बाट ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको र अन्य वडामा आशिंक रुपमा साग्रिला अफलाईन सफ्टवयर र नगदि रसिद मार्फत राजस्व संकलन गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अफलाईन सफ्टवयरको प्रयोगको कारणबाट राजस्व संकलनको एकिकृत विवरण प्राप्त हुन नसक्ने तथा अघिल्लो आ.व.को नगदि रसिद के कति बाँकी छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने, पुरानो रसिद प्रयोग गर्ने र अफलाईन प्रणालीमा छुट्टै विजक जारी गर्ने जोखिम विद्यमान रहन्छ । पालिकाले यसबर्ष पालिका केन्द्र र ८ वटा वडाबाट रु.१६३६८२११.७१ आन्तरिक	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राजस्व संकलन र दाखिला गरेको विवरण पेश गरेको छ ।कार्यालयबाट सबै वडाहरुमा स्वचालित अनलाईन प्रणालि जडान गरी राजस्व संकलन गर्ने आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।साथै देहायको वडा कार्यालयहरुले पेश गरेको राजस्व असुलिको विवरण र अफलाईन प्रणालिबाट जारि विवरण अनुसार देहायको फरक देखिएको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।
<table>
<tr><td>क्र.स.</td><td>वडा नं.</td><td colspan="2">संकलित राजस्व रु.</td><td>फरक रकम रु.</td></tr>
<tr><td></td><td></td><td>वडा कार्यालयको विवरण अनुसार</td><td>अफलाईन प्रणालिबाट अनुसार</td><td></td></tr>
<tr><td>१</td><td>३</td><td>३५९५६०</td><td>१७०५८२</td><td>१८८९७८</td></tr>
<tr><td>२.</td><td>८</td><td>१८२४४१</td><td>१२६२३९</td><td>६२७३९</td></tr>
<tr><td>३.</td><td>५</td><td>२४७३३७</td><td>१३५५२५</td><td>१११८१२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७८९३३८</td><td>४३२३४६</td><td>३५६५९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>राजश्व दाखिलामा जरीवाना - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।पालिकाले एम्बुलेन्सको राजश्व दाखिला नगरेको असुल गर्नुपर्ने रु
<table>
<tr><th>नाम</th><th>संकलित राजश्व</th><th>दाखिला</th><th>कम</th><th>जरिवाना</th><th>जम्मा</th></tr>
<tr><td>बंगालाचुलि अस्पतालको एम्बुलेन्स</td><td>३७५०००</td><td>३४७०००</td><td>२८५००</td><td>२८५०</td><td>३१३५०</td></tr>
</table>
</td><td>३१,३५०</td></tr>
<tr><td>३६.३</td><td></td><td></td><td>चुनढुङ्गाको रोयल्टी – यस पालिका अन्तर्गत विभिन्न स्थानमा रहेका चुनढुङ्गाको उपयोग गरेवापत सगरमाथा सिमेन्ट प्रा.लि.,सम्राट सिमेन्ट प्रा.लि. र शुभ श्री अग्नि सिमेन्ट प्रा.लि.ले चुनढुङ्गाको प्रयोग गरेवापत खानी तथा भूगर्व विभागमा बुझाएको रोयल्टीको १० प्रतिशत रोयल्टी पालिकाको आन्तरिक राजस्व खातामा बुझाउदै आएको छ । खानी तथा खनिज पदार्थ नियमावलीको नियम २१(२) मा भएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था अनुरुप उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले बुझाउनु पर्ने रोयल्टी बापतको रकम विभागको नाममा प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र राजस्व खातामा दाखिला गरि पन्ध्र दिनभित्र उत्पादन विवरण सहित राजस्व दाखिला भौचर विभागमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले चुनढुङ्गा खानीको प्रयोग गर्ने कम्पनीले रु.५४४८९२८ रोयल्टी बुझाएको विवरण पेश गरेकोमा प्रत्येक महिनाको रोयल्टि रकम संकलन नभएको र पालिकाद्वारा थप ताकेता भएको देखिएन् ।अतः नियमानुसार प्राप्त हुने रोयल्टी प्राप्त गर्न पालिकाले आवश्यक पहल गर्नुपर्दछ ।	
३७			**एकमुष्ठ पेश्की** गाउँपालिकाले निर्माण कार्यको पेश्की भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लेख भएको किस्ता र परिमाणमा पेश्की दिनुपर्दछ । पालिकाले खरिद सम्झौताको SCC को GCC 57.1 मा पेश्की रकम अधिकतम शुरु सम्झौताको २० प्रतिशत १०-१० प्रतिशतका दरले दुई किस्तामा दिन सक्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको निर्माण सेवालाइ पेश्की दिंदा सम्झौताको शर्त विपरित एकमुष्ठ दश प्रतिशत पेश्की दिएको छ । पालिकाले खरिद सम्झौताको पालना गर्नुपर्दछ ।	

ठेक्का नं.।	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	प्राप्त गरेको पेश्की रु.	प्राप्त गर्नुपर्ने पेश्की	बढि पेश्की रु.
BRM/NCB/W/2078/79-04	जि.पि.ओ.कन्स्ट्रक्सन प्रा.लि.	७६०९२८३	१५०००००	७५००००	७५००००
BRM/NCB/W/2078/79-10	न्यू अम्बे निर्माण सेवा	२८८९०३३	५७००००	२८५०००	२८५०००
	जम्मा	१०५०६५७८	२०७००००	१०३५०००	१०३५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**१५ शैय्याको अस्पताल भवन निर्माण** ठे.नं. २४, ०७७।७८ गाउँपालिकाले संघीय सरकारको नीतिअनुसार १५ शैय्याको अस्पताल भवन निर्माणका लागी निर्माण व्यवसायी हनुमान/नव सिर्जनशिल/पि एम. डे जे.भी सँग रु ८४७७९५५५।६१ मा मिति २०७७।११।२० मा संम्झौता गरेकोमा सोको कार्य सम्पन्न गर्ने म्याद २०७९।११।१९ सम्म रहेकोमा निम्नानुसार व्यहोरा देखियो । (क) निर्माण व्यवसायीले रु १४२०१००१ मोबिलाइजेसन पेश्की लिएकोमा सम्झौताको विशेष शर्तको वुदा नं ५७.३ मा पेश्की	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			फर्छ्यौट कति रकम वा प्रतिशतमा कट्टि गर्ने उल्लेख नभएको र कट्टि गर्दा तेस्रो विल रु ९०९६५४० मा रु ४२५१००१, चौथो विल रु २०६७४२९३ मा रु ५० लाख र पाँचौ विल रु २०३८८००० मा रु १३५०००० कट्टी गरेको देखियो । सम्झौताको शर्तमा उल्लेख गरी कानून अनुसार फर्छ्यौट गर्नुपर्दछ । (ख) हालसम्म (पाचौ विलसम्म) जम्मा रु ७४७४८८०४ भुक्तानी भएको छ (ग) विल अफ क्वान्टीटीमा As Built Drawing समावेश गरेको देखिएन । निर्मित संरचनाको निर्माण अनुसारको नक्सा तयार गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।	
३९			**नापी जडान** ११-०७८।९।१९ विनियोजित बजेटको कार्यान्वयन गर्दा खर्च भएको रकमको सहि सदुपयोग भए नभएको यकिन गर्नु पर्दछ । कार्यालयले मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकवाट लागत अनुमान तयार नगरि सफल ट्रेडर्सवाट रु १२२३३० को पाइप खरिद गरेको छ । कार्यालयले खरिद गरेको 125mm PN6 HDEP NS pipe १८० मिटर पाइप खरिद गरि वितरण गरेको छ ।उक्त वितरित पाइप कुन स्थान र परिमाणमा प्रयोग भयो सोको मूल्याँकन पेश नभएकोले नापी जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.	१२२,३३०
४०			**सोझै खरिद** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू.२८७६७०७ को सोझै खरिद गरेको रू. <table><tr><th>भौ.नं. मिति</th><th>आपूर्तिकर्ताको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr><tr><td>६-२०७८।६।१०</td><td>विभिन्न ५ सप्लार्यस</td><td>पत्रपत्रिका छपाइ तथा सूचना</td><td>९९८६६५</td></tr><tr><td>६-२०७८।६।१०</td><td>विभिन्न ५ सप्लार्यस</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>९९७९४७</td></tr><tr><td>११४-२०७८।११।१</td><td>३ वटा फर्म</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>८८००९५</td></tr></table>	२,८७६,७०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा — २८७६७०७	
४१			**उपभोक्ता मार्फत कार्य**	
४१.१			**उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिलेआफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.	४,३९९,३८१

गो.भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	उ.स.लाई भुक्तानी रु.	निर्माण व्यवसायी	निर्माण व्यवसायी बिजक नं.।मिति	निर्माण व्यवसायीको बिजक रकम
४।२०७८-०२-१३	गदारी जरुवा मोटरवाटो निर्माण उ.स.	४९९०००	बुवा आमा कन्ट्रक्सन प्रा.लि.	०५।२०७८-११-२५	४७९००७
८।२०७९-०२-१६	मुर्कुटी ओलबास धारीचौर सडक निर्माण उ.स.	९६७०००	जि.पि.ओ. कन्ट्रक्सन प्रा.लि.	०८।२०७९-०२-०३	९५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८।२०७९-०३-१६</td><td>चिउँरीडाडा देखि वचेनी सडक उ.स.</td><td>९६६७१५</td><td>बंगलाचुली थापा निर्माण सेवा प्रा.लि.</td><td>०६।२०७९-०१-१२</td><td>९७०५९६</td></tr>
<tr><td>२३-०७८/०७/०४</td><td>सडक स्तरोन्नति</td><td>२००००००</td><td>MSNS कन्स्ट्रक्सन प्रा.ली</td><td></td><td>१९९९७७८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४३९९३८१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,सिचाई लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.।मिति</th><th>उ.स.को नाम</th><th>निर्माण कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>४०।२०७९-०३-२५</td><td>सरस्वति मावि जवरकोट</td><td>आइसिटी भवन</td><td>९८५७८९</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२.	३८।२०७९-०२-१८	सुधा मा वि झेल्नेटा भवन निर्माण योजना उ स	४ कोठे भवन	१४२००००
३.	५९।२०७९-०३-२३	श्री माध्यमिक विद्यालय भेडावारी मुलाबारी	४ कोठे भवन	३५४०२६०
४.	३४।२०७९-०१-२५	स्वामीघाट लामीदेवाली सिचाइ कुलो निर्माण उ स	सिचाइ कुलो	७४५९३६
	५८।२०७९-०३-२३			२१८४०००
५.	४७।२०७९-०३-०८	सुधा मा वि झेल्नेटा भवन निर्माण योजना उ स	भवन निर्माण	७३१०००
६.	१२०।२०७९-०१-०६	कव्जा ज्यामिरे मुलावारी रातामाटा सिचाइ आयोजना	सिंचाइ आयोजना	१९४५०००
७.	२३६।२०७९-०३-२५	ठुलोखोला कमिरेचौर लिफ्ट खानेपानी आयोजना वडा नं ४	लिफ्ट खानेपानी आयोजना	११६७०००
८.	१५४।२०७९-०२-२५	श्री माध्यमिक विद्यालय भेडावारी मुलाबारी	भवन निर्माण	१४९५०००
९.	११६।२०७८-१२-३०	बाघखोर मुलावारी सडक स्तरोन्नती उ.स.	सडक स्तरउन्नती	१९५६०००
१०.	२३।२०७८-०७-१४	सोमिघाट तिस्वा दोभान सडक स्तर उन्नती कार्य वंगलाचुली	सडक स्तरउन्नती	१९९९७७८
११.	२२८।२०७९-०३-२५	महेन्द्र माध्यामिक विद्यालय बंगलाचुली	छात्रावास भवन निर्माण	२४९००००
			जम्मा	२०६५९७६३

४२			**स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग नगरेको** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(१)(ग) मा सार्वजनिक निकायले खरिद सम्बन्धी कारबाही गर्दा स्टयाण्डर्ड विडिङ्ग डकुमेण्ट्स तथा स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न आ.व. २०७८।७९ ठेक्का सम्झौता गर्दा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्टयाडर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग नगरी विडिङ्ग डकुमेण्ट्सलाई नै सम्झौताको रुपमा प्रयोग गरेको पाइयो । तसर्थ ऐनको प्रावधान अनुसार स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग गरी खरिद सम्झौता सम्बन्धी कारबाही हुनुपर्ने देखिन्छ ।	
४३			**सुरक्षित नागरिक आवास कार्यक्रमः** **निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु. ६४६४००० खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् । **क) सुविधाः** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन । **ख) किस्ता भुक्तानीः** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष १३० घर परिवारलाई पहिलो र दोस्रो किस्ता एकमुष्ठ रु.५०००० का दरले रु.६४६४००० खर्च लेखेको देखियो । अत कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिनु पर्ने देखिन्छ । साथै उक्त निर्माण कार्यको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्रममा खर्च भयो भएन एकिन गर्न सकिएन । **ग) कार्य प्रगतिः** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**खरको छाना विस्थापन कार्यक्रम** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खरको छानो विस्थापन कार्यक्रम संघिय सरकार विशेष अनुदान अन्तर्गत रंगीन कर्कटपाता ०.४५ एम.एम. खरिदको लागि ठेक्का नं.BRM/NCB/G/2078-79/-02 मार्फत रु.१६१०३२२६ को लागत अनुमान तयार गरी तेस्रो पटक बोलपत्र आव्हान गरेकोमा रु.१६०५०८०२ (०.२९ प्रतिशत घटि) मा एकमात्र कबोल गर्ने बालारुपी निर्माण सेवा प्रा.लि.सँग सम्झौता गरेको छ । उक्त सप्लायर्सलाई गो.भौ.नं. २३।२०७८-११-०५ बाट सप्लायर्सले पेश गरेको विजक अनुसार ४२३४ थान जस्तापाता प्रति थान रु.२५४२.५ का दरले रु.१०७६४९४५(मू.अ.कर समेत) र गो.भौ.नं. २५।२०७८-११-११ बाट सप्लायर्सले पेश गरेको विजक अनुसार २०७९ थान प्रति थान रु.२४५२.५ का दरले रु.५५८५८५७(मू.अ.कर समेत) कुल रु. १६०५०८०२ भुक्तानी भएको छ ।पालिकाले प्रति घर परिवार २८ पाताको दरले वितरण गरेको उल्लेख गरेकोमा सम्पूर्ण जस्तापात वितरण भएको पाईएन् । मागमा आधारित हुने यस किसिमको वितरणमुखी कार्य गर्दा खरका छाना भएका विपन्न परिवारहरुवाट माग संकलन तथा यथार्थता जाँच गरी परिमाण निर्धारण गरेर मात्र खरिद गर्नुपर्नेमा सो वेगर खरिद गरेको, वितरणको कार्यविधि तयार नगरेको, जस्तापाता ककसलाई वितरण गरे सोको अनुगमन मूल्यांकन नभएको, जस्तापाता पाउने व्यक्तिले सो भन्दा पहिले प्राप्त गरे नगरेको र वितरण गरेको जस्ता जडान भएको प्राविधक मूल्याङ्कन नगरेको यकिन नगरेको, अन्य निकायले पनि विपन्न आवास कार्यक्रममा घर निर्माण गर्ने गरेको देखिंदा जस्तापाता प्राप्त गर्ने व्यक्तिले सो लाभ प्राप्त गरे नगरेको यकिन गर्न अन्तर निकाय विच समन्वय गर्नुपर्नेमा सो समेत नगरी रु. १६०५०८०२।– खर्च लेखेको छ । उक्त जस्ता विपन्न परिवारले जडान गरेको प्राविधिक प्रतिवेदन र नापी किताब पेश गर्नुपर्ने रु	१६,०५०,८०२
४५			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम नापी किताव / कार्यसम्पन्न प्रतिवेदन** विद्यालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट ३ वटा विद्यालयलाई आषाढ महिनामा भवन निर्माण अनुदानका लागि रु.६८४९००० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा ३ वटा विधालयलाई अनुदान दीएको मध्ये कुनै पनि विद्यालयको कार्यक्रम र निर्माण कार्य सम्पन्न नभएकोले अनुदान रकम रोक्का राखेको पालिकाले जानकारी दिएको छ । निम्नानुसार विद्यालयमा भवन निर्माण र कार्यक्रमका	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन,बिल भरपाई) लेखापरीक्षणका क्रममा पेश भएन । अत :उक्त कार्यको बिल भरपाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय नाम</th><th>रोक्का रकम रु.</th><th>कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>खड्ग मन्दिर मा.वि.हाँसीपुर</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>२.</td><td>गणेश प्रा.वि. गाँसीको छाप</td><td>३६०००००</td><td>४ कोठे भवन</td></tr>
<tr><td>३.</td><td>सुधा मा.वि. झेल्नेटा</td><td>१४४९०००</td><td>४ कोठे भवन</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६८४९०००</td><td></td></tr>
</table>
पालिकाले सुधा मा.वि. झेल्नेटाको ४ कोठे भवन निर्माण अनुदानको लागि प्राप्त भएको रकम रु.३६००००० मध्ये सुधा मावि झेल्नेटा भवन निर्माण योजना उ स मार्फत गराई कार्यसम्पादनको रनिङ्ग बिल को आधारमा गो.भौ.नं. ३८।२०७९-०२-१८ बाट रु.१४२०००० भुक्तानी दिएको छ । प्राप्त बजेट रु.३६००००० मा भुक्तानी घटाई रु.२१८०००० रोक्का राख्नु पर्नेमा रु. १४४९००० मात्र रोक्का राखेको छ । घटी रोक्का रकम रु.७३१००० राखेको सम्बन्धमा एकिन गर्नुपर्ने रु.....

सामाजिक परीक्षणः कार्यविधिको दफा १४ मा कार्यक्रम बमोजिम कार्यसम्पन्न भएपछि विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गरी सोको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सामाजिक परीक्षण गराउने गरेको देखिएन । स्थानीय तहलेसमेत माग गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको वुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न ३ विद्यालयलाई भवन निर्माण अनुदानका लागि रु.६८४९००० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अतः क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।</td><td>७,५८०,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>खरिद कार्यमा न्युन प्रतिष्पर्धा -</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६२(२.च) मा बोलपत्रदाताले बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिष्पर्धि तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धा लाभबाट वञ्चित गर्ने उद्देश्यले वोलपत्र पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने व्यवस्था छ ।पालिकाले म्यानुअल आवह्वान गरेको निम्न बमोजिमको खरिद कार्यमा न्युन प्रतिष्पर्धा भई लागत अनुमान बरावर कै सम्झौता रकम रहेको पाईयो सार्वजनिक खरिदमा प्रतिस्पर्धा अभिवृद्दि गर्ने तर्फ कार्यालयले आवश्यक ध्यान दिनुपर्ने देखिन्छ।यस कार्यालयवाट यस वर्ष देहायको खरिद सम्झौता हार्डकपी वोलपत्रको माध्यमद्धार खरिद गर्दा निम्नानुसारको अवस्था देखियो :	

ठेक्का नं.	कामको विवरण	निर्माणव्यवसायीको नाम	लागत अनुमान रकम VAT सहित	सम्झौता रकम VAT सहित	सहभागी फर्मको संख्या	न्युन %
BRM/NCB/W/2078/79-12	प्रदिप वांसु रंगशालामा भौतिक पूर्वाधार निर्माण	प्रकाश निर्माण सेवा	३३९७४१२	३३७९८७७	१	०.५२
BRM/NCB/W/2078/79-10	न्यू अम्बे निर्माण सेवा	Road Maintenance on Budipokhara-Tapa and Murkuti Bangalachuli Road Section	२९२२५३४	२९८९०३३	१	१.१५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**डीपीआर खर्च** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

क्र.स.	**गो.भौ.नं. र मिति**	**कार्यक्रमको नाम**	**फर्म**	**रकम**
१.	७७-०७८/११/२४	विभिन्न ३ वटा विद्यालयहरुको DPR	मुनस्टार इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा. लि.	१९९५६००
२.	८१-०७८/११/२४	सिस्नेखोला बढीपोखरा सडक खण्ड र कुडुले साकीने लाहापे सल्लीकुना सडक खण्ड को डि.पि.आर तयारी	शुभ विज्ञान इन्जिनियरीङ्ग	१९९००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३.</td><td>२२८-०७९/०३/१७</td><td>स्वामीघाट घोरलभिर लामिदेवाली तिसुवाखोला सडक खण्डको डि.पि.आर तयारी</td><td>लाङ्गटाङ्ग इन्टरनेशनल प्रा.लि</td><td>८७८०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४८६३६००</td></tr>
</table>
डि.पि.आर. निर्माण गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>घोराहि स्वर्गद्वारी केबुल कार डि.पि.आर.निर्माण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नु पर्नेछ ।पालिकाले घोराहि स्वर्गद्वारी केबुल कार डि.पि.आर.निर्माण कार्यवापतको रकम गो.भौ.नं.३८।२०७९-०३-२५ बाट घोराहि स्वर्गद्वारी केबुल कार प्रा.लि.लाई कार्यपालिकाको मिति २०७९-१०-०२ को निर्णयबाट रु.१००००० सोझै भुक्तानी दिएको अनियमित देखिएको रु.</td><td>१,०००,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर

३।२०७८।६।२५ मुल्य अभिवृद्धि कर ऐन,२०५२ को १५ मा दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने व्यवस्था रहेको छ । दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै वीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने तथा १५(२) मा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरि निजबाट असुल उपर गरिने व्यवस्था रहेको छ ।वाटो मर्मत कार्यको योजनाका लागि कोटेशन विधिवाट मोनालिशा उर्मिला निर्माण सेवासँग सम्झौता भएको छ । मोनालिशा उर्मिला निर्माण सेवा (६०९०१५१६४) विजक नं ७ मिति २०७८।६।२० मा रु ४७८६२४ को विल जारी गरेकोमा रु ५५०६३ भ्याट रकम रहेकोमा उक्त फर्म मुल्य अभिवृद्धि करमा दर्ता भएको पाइएन । मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्म सँग सम्झौता गर्ने तथा भुक्तानी भएको ७० प्रतिशत भ्याट रकम रु ३८५४४ निर्माण व्यवसायीले भ्याटमा दर्ता भएको प्रमाण मुल्य अभिवृद्धि कर समायोजन प्रमाणपत्र पेश हुनुपर्ने अन्यर्था असुल हुनुपर्ने रु</td><td>३८,५४४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**पाईप धारा खरिद तथा जडान** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले बालारुपी निर्माण सेवा प्रा.लि.बाट खरिद भएको पाईप तथा धाराको गो.भौ.नं.३४।२०७९-०३-२५ बाट रु.८००००० भुक्तानी दिएकोमा उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद र वितरण गरिएका सामानको नापी सहितको प्रतिवेदन पेश हुनुपर्ने रु.	८००,०००

क्र.सं.	खरिद सामाग्री	खरिद परिमाण	खरिद रकम
१.	एच.डि.पि.ई. पाईप २५\१०	१६०० के.जी.	९६०००
२.	एच.डि.पि.ई. पाईप २०\१०	६००० के.जी.	२७६०००
३.	एच.डि.पि.ई. पाईप ४०\१०	२१०० घ.मि.	२४८०००
४.	ग्याबिन जाली (२*१*१)	५० वटा	१८००००
		जम्मा	**८०००००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**तारजालि खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले खरिद भएको पाईप तथा तारजालिमा रु. २२४६३३८ भुक्तानी दिएकोमा उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद र वितरण गरिएका सामानको नापी सहितको प्रतिवेदन पेश हुनुपर्ने रु.	२,२४६,३३८

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम	कैफियत
१.	२८-०७८/०९/०२	सफल ट्रेडर्स	८७४७३	वडा नं ३ को लागि

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>४९-०७८/१०/२५</td><td>सफल ट्रेडर्स</td><td>३६४२१९</td><td>वडा नं १, २, ४,५ को लागी</td></tr>
<tr><td>३</td><td>८४-०७८/११/२६</td><td>सफल ट्रेडर्स</td><td>३०५६९४</td><td>विभिन्न वडाहरुको लागि</td></tr>
<tr><td>४</td><td>१४८-०७९/०२/१६</td><td>शर्मिला कन्स्ट्रक्सन</td><td>४९७९००</td><td></td></tr>
<tr><td>५</td><td>१५९-०७९/०३/०१</td><td>सफल ट्रेडर्स</td><td>७०६०००</td><td></td></tr>
<tr><td>६</td><td>२२२-०७९/०३/२४</td><td>प्रयास कंक्रिट पोल एण्ड ह्युमपाइप उद्योग</td><td>८९१०२</td><td></td></tr>
<tr><td>७</td><td>२३२-०७९/०३/२५</td><td>वालारुपी निर्माण सेवा प्रा लि</td><td>१९६०००</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२४६३३८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>भरपाइ पेशः

२३३।०७९।३।१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।वाल विकास तथा कक्षा १ मा शैक्षिक सामग्री अन्तर्गत EGRC minimum pakage को शैक्षिक सामग्री ४१ थान खरिद गरेकोमा १४ मात्र विद्यालयमा वितरण गरेको भरपाइ पेश भएकोले अपुग २७ थानको रु ४७५०४ पेश हुनुपर्ने रु</td><td>४७,५०४</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्यॉंकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.न. मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>२१०-०७९।३।६</td><td>हिउदे बर्षे/बहु वर्षे तथा डाले घाँस खरिद वितरण</td><td>१०००००</td></tr>
<tr><td>२०-०७८।६।१९</td><td>कृषि सामाग्री तथा विउ विजन वितरण</td><td>३०००००</td></tr>
<tr><td>२०-०७८।६।१९</td><td>च्याउको विउ र सामाग्री वितरण</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.४० लाख कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>एफ.एम.रेडियो सञ्चालन

गाउँपालिकाको २०७८।३।२१ को निर्णय अनुसार पालिकाको पूर्ण स्वामित्वमा रहने गरी एफ. एम रेडियो संचालन गर्न रेडियो वंगलाचुली एफ.एम संचालन तथा व्यवस्थापन गठन आदेश २०७८ तर्जुमा गरी २०७८।४।२ देखि उक्त रेडियो संचालनमा आएको गाउँपालिकाले जनाएको छ ।रेडियो स्थापना एवम् सञ्चालनका लागी कुल ७७ लाख वजेट गाउँपालिकाबाट उपलब्ध गराइएको र सोको संचालनका लागी विभिन्न ८ जना कर्मचारी करार सेवामा राखि पारीश्रमिक वापत वार्षिक करिब २५ लाख खर्च हुने देखिन्छ । उक्त रेडियो बाट आ.व ०७८।०७९ मा रु १०५००० मात्र आम्दानी भएको छ । रेडियो स्थापना एवं संचालन सम्बन्धमा आवश्यकता पहिचान र लाभ लागत विश्लेषण नगरी संचालन गरेको देखिदा उच्च लागतमा न्यून प्रतिफल प्राप्त भएकोले यस्ता योजना छनौट गर्दा सोको आवश्यकता पहिचान र लाभ लागत विश्लेषण गरेर मात्र छनौट गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>आयुर्वेद औषधालय भवनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।पालिकाले हासीपुर आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि प्रदेशवाट प्राप्त विविध कोषको रकम रु १७५१००० आयुर्वेद औषधालय भवन निर्माण उ स लाइ भुक्तानी गरेको छ । भुक्तानी गर्दा आवश्यक विल भरपाइ पेश गर्नुपर्नेमा सो नगरेको,नियमानुसार कर कट्टी नगरेकोले आवश्यक विल भरपाइ पेश हुनुपर्ने रु</td><td>१,७५१,०००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>मर्मत संभार कोष</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>कार्यालयले यसवर्ष पूँजीगत शिर्षकमा विनियोजित रकमवाट मर्मत कोषमा पटक पटक रकम ट्रान्सफर गरी रु. ८६,३४,५५८– खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>ज्यालादारी कामदार – बाटो मर्मतको लागि ज्यालादारी कामदार राखेको भनी १६ कामदारलाई असोज देखि असार सम्मको डोर हाजिरीको आधारमा रु. ३३५४७५ खर्च लेखेकोमा ती कामदारले कुन कुन वाटोमा के कती काम गरे प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्नेमा सो बेगर डोर हाजिरी फारामको आधारमा खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणवाट वेरूजु

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ को उपनियम १ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ ।आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म फछ्र्यौट तथा संपरीक्षण नभएको व्यहोरा असुल हुनुपर्ने रु.

<table>
<tr><th>गो. भौ. नं</th><th>बेरुजुको ब्यहोरा</th><th>असुल उपर गर्नुपर्ने रु</th></tr>
<tr><td>चालु भौ नं ११०</td><td>· होजियरी तालिममा सहभागि लाई खाजा खर्च बापत ६० दीनको १५ जानालाई रु १०० का दरले रु ९०००० भुक्तानि तर हाजिर जम्मा ५९ दिनको मात्र भएकोले (१*१५*१००) रु १५०० बेरुजु ।</td><td>१५००</td></tr>
</table></td><td>१७,५१३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	· कार्यक्रम ब्यबस्थापक पार्बीति राना बाट असुल गर्नु पर्ने ।	
चालु.भौ नं २२४	न्यायिक समिति बैठक बेरुजु निम्न लिखित ब्यक्तिहरुले निम्न लिखित मितिमा बसेको न्यायिक समिति बैठकमा उपस्थिति नभई बैठक भत्ता बुझेको। १. पबित्रा जि सि २०७८ पुष १३ फागुन २६ रु २००० २.नारायण डाँगी २०७८ फागुन २६ रु १००० ३.यमुना घर्ति २०७८ फागुन २६ रु १०००	४०००
पुजिगत ८ भौ नं ९४	मुर्कुटी सामुदायिक भबन मर्मत योजनाको बिल रकम भुक्तानि गर्दा सामाजिक सुरक्षा कर रु २६०७ काट्नुपर्नेकम रु १५९६ मात्र काटेको र अग्रिम आयकर रु १७८७काट्नुपर्नेमा १६१९ मात्र काटेको ले (१०११+१६८)	११७९
पुँजिगत भौ नं १८६	दहखोला तटबन्ध निर्माण योजनामा उपभोक्ता समितिले ब्यहोर्नुपर्ने रकम रु ११३२७ कट्टि गर्नुपर्नेमा रु ९७२२ मात्र कट्टि गरेको ।	१६०५
ससर्त चालु गो भौ नं ६६	हात्तिपाईले रोग नियन्त्रण कार्यक्रम अन्तर्गत शञ्चालन भएको सामुदायिक अन्तरक्रिया कार्यक्रममा निम्न ब्यक्तिहरुले एकैदिन दोहोरो भत्ता लिएकोले असुल उपर गर्नुपर्ने। १ लालबहादुर घर्ति रु ७००(२०७८।११।२७ मा हाँसीपुर र झुन्डि) २सन्ध्या चौधरि रु ७००(११।२७ बिर्खे र कुईराले) ३ बासुदेब महरा रु १४००(११।२७मा सिउडे अमारे रिभान ४ शिबराज अर्जेल रु ७००(११।२७ जरे र डाबर) ५ नेब बहादुर के सि रु ७००(११।२६ बंगलाचुली अस्पताल) ६ ईश्वर बहादुर पुन रु ७००(११।२६ मर्पेस र खाडा) ७बिकाश घिमिरेरु ७०० (११।२७ पैयाँडाडा र पिपल डाँडँ) ८ धन बहादुर रु ७००(दाङबाङ र बंगालाचुलि अस्पताल)	६३००
ससर्त चालु ४ गो भौ नं ७६	फाटा जुकेखोला खमारिचौर मोटरबाटो निर्माणमा प्राबिधिकको कार्यसम्पन्न प्रतिबेदनमा ३९६९३२ बराबरको भएको तर टिप्पणी उठाउँदा ३९९८६१ बमोजिम उठाएको।	२९२९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>१७५१३</td></tr></table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>विपद व्यवस्थापन</td><td></td></tr>
<tr><td>५९.१</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.२</td><td></td><td></td><td>कार्य योजना -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>बेरुजु अनुगमन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष २०७६/७७ मा कायम बेरुजु मध्ये रु. ९२८८५१।- बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु. ९२८८५१।- को लगत कट्टा गर्न मनासिव देखिएको छ ।<table><tr><th>दफा</th><th>व्यहोरा</th><th>आर्थिक बर्ष</th><th>फछ्यौट रकमा</th></tr><tr><td>३७</td><td>वडा नं ७ को कार्यालय भवन निर्माणको लागि दिएको मोविलाइजेशन पेश्की</td><td>२०७६।७७</td><td>९०००००</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			५८	शिक्षकको तलब निकासा गर्दा ग्रेड वढी सोम व वली रु ५०७६ दल व वली रु ५०७६	२०७६।७७	१०१५२	
			७८	पारिश्रमिक आयकर भक्त वहादुर जि सि	२०७६।७७	१८६९९	
				जम्मा		९२८८५१	